का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ मंसिर २०८१,

शनिबार

7 December, 2024

Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


इपेपर हेर्न

वर्ष २२, अंक २८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भारतको प्रश्नले प्रधानमन्त्री हैरान !

**वर्तमान सरकार बनेदेखि नै प्रधानमन्त्री केपी शर्मा ओली छिमेकी मुलुक भारतको विश्वास खोजिरहेका छन् । प्रतिकारमा उनी र उनी नेतृत्वको सत्ता गठबन्धन भारतको प्रश्नले घेरिएका छन्**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।



चीन भ्रमणबाट फर्किएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल असंलग्न परराष्ट्र नीतिमा रहेको बताए । बीआरआई सम्झौता ऋण नभएको प्रष्टीकरण दिए । नेताहरूका अनुसार प्रधानमन्त्री ओलीका यी अभिव्यक्तिले प्रधानमन्त्री ओली कति दबाबमा छन् भन्ने देखाउँछ । सत्ता गठबन्धनकै नेताहरूका अनुसार भारतले चीन भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले बीआरआई सम्झौता नगरून् भन्ने थियो । तर, बीआरआई सम्झौता भएपछि भारतले ओलीमाथि फेरि प्रश्न गरेको छ ।

वर्तमान सरकार बनेदेखि नै प्रधानमन्त्री ओली छिमेकी मुलुक भारतको विश्वास खोजिरहेका छन् । प्रतिकारमा उनी र उनी नेतृत्वको सत्ता गठबन्धन एकपछि अर्को भारतको प्रश्नले घेरिएका हुन् । प्रधानमन्त्री ओली पहिलो विदेश भ्रमण भारतबाटै गर्न चाहन्थे । नेपालको विगतको अभ्यास पनि यस्तै थियो । तर, यो परम्परा किन तोडेको भन्ने प्रश्न पनि उठेको छ ।

भारतले अमेरिकाको चाहना के थियो वा छ भनेरसमेत नेपालमाथि प्रश्न गरेको छ । अमेरिकी सहयोगसम्बन्धी परियोजना (एमसीसी) पास गर्न नेपालमा निकै रस्साकस्सी भएको तर चिनियाँ अवधारणा बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सहजै स्वीकार किन गरेको भन्ने प्रश्न छ ।

कूटनीतिक मामलाका जानकारहरूका अनुसार यसको पनि जवाफ प्रधानमन्त्रीले भारतलाई दिनुपर्ने छ । यीलगायतका विषयले प्रधानमन्त्री ओलीमाथि भारतको विश्वास आर्जन हुने वा नहुने निर्भर हुने छ ।

नेताहरूका अनुसार अमेरिका र भारत दुवै देशले नेपालको वर्तमान सरकारका विषयमा पृष्ठ २ मा

# बीआरआईमा कांग्रेस विभाजित



बीआरआई सम्झौतामा सरकारले हस्ताक्षर गरेको छ । म प्रधानमन्त्रीलाई धन्यवाद दिन्छु । ऋण लिएकै छैन

■ **शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**



बीआरआई फ्रेमवर्कमा भएको सहमति नेपालतर्फको अनुदान प्रस्तावबाट आर्थिक सहयोगमा परिणत भएको छ

■ **अर्जुननरसिंह के. सी.**
**नेता, नेपाली कांग्रेस**



बीआरआई सहकार्य फ्रेमवर्कलाई अघि बढाउने विषयमा कांग्रेसले प्रस्ट निर्णय गरिसकेको थियो । हामीले अनुदान मात्र स्वीकार गर्छौं भनेका थियौं । तर, पार्टीको निर्णयविपरीत यसरी हस्ताक्षर हुनु ठीक होइन

■ **एनपी साउद**
**नेता, नेपाली कांग्रेस**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

चीनको राजधानी बेइजिङमा बुधबार हस्ताक्षर गरिएको 'बेल्ट एन्ड रोड सहकार्य फ्रेमवर्क'का विषयमा सत्तारूढ नेपाली कांग्रेसभित्र तरंग उत्पन्न भएको छ ।

पार्टीका शीर्ष नेताहरूले चीनमा भएको सहमतिका विषयमा फरकफरक धारणा व्यक्त गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा बुधबार बीआरआई कार्यान्वयनका लागि बनेको 'फ्रेमवर्क सम्झौतापत्र'मा हस्ताक्षर भएको हो ।

फ्रेमवर्क सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहादुर राई र चीनका तर्फबाट चीनको नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुसेले हस्ताक्षर गरेका हुन् ।

कांग्रेस र एमालेले तयार पारेको फ्रेमवर्कको मस्यौदामा अनुदानमा बीआरआई कार्यान्वयन गर्न सकिने उल्लेख थियो । तर, चीनले अनुदानमा मात्र बीआरआई कार्यान्वयन गर्न नसकिने बताएपछि फ्रेमवर्कमा नेपालले लेखेको 'अनुदान' शब्दलाई हटाएर 'सहायता' शब्द राख्ने सहमति जुटेपछि हस्ताक्षर भएको हो । बीआरआईमा ऋण/सहायता दुवै अर्थ लाग्नेगरी हस्ताक्षर भएको भन्दै कांग्रेसका एकथरि नेताहरूले आपत्ति जनाएका छन् ।

प्रधानमन्त्री ओली भ्रमणमा निस्कनुअघि सत्तारुढ २ दलबीच बनेको साझा धारणालाई 'संशोधन' गरेर चीनसँग सम्झौता भएको हो ।

सम्झौताअनुसार बीआरआई 'टेक्निकल सपोर्ट एन्ड एड फाइनान्सिङ मोडालिटी (प्राविधिक सहयोग र सहायता)'मा अघि बढ्ने छ । यसको अर्थ बीआरआई परियोजना 'अनुदान' वा 'ऋण'मा नभई दुवैमा अघि बढ्ने छ ।

प्रधानमन्त्री ओली भ्रमणमा निस्कनुअघि सत्तारूढ कांग्रेस र एमालेले साझा धारणा बनाएका थिए । अनुदानमा आधारित परियोजना मात्र स्वीकार गर्नेगरी सहकार्य फ्रेमवर्कमा हस्ताक्षर गर्ने सत्तारूढ २ दलको साझा सहमति बोकेर प्रधानमन्त्री ओली सोमबार चीन प्रस्थान गरेका थिए ।

तर, चिनियाँ पक्ष अनुदानमा आधारित परियोजना मात्र रहनेगरी हस्ताक्षर गर्न तयार नभएपछि चीनको प्रस्तावअनुसार पृष्ठ २ मा

# कार्यान्वयनको चुनौतीमा बीआरआई



बीआरआईकै विषयमा पनि औपचारिक डकुमेन्ट सार्वजनिक भएको छैन । जति गुमराहमा राख्छौं त्यति नै गर्नै नहुने सम्झौता पो गरे कि भन्ने आशंका कायम रहन्छ

**शिशिर खनाल**
**सांसद, रास्वपा**



बीआरआईबाट भारत तर्सनुपर्दैन । नेपालमा कनेक्टिभिटीको विकास भयो भने नेपालको बाटो भारतले प्रयोग गर्न मिल्छ । भारतविरोधी भावनाले प्रेरित योजना स्वीकार गर्दैनौं

**रघुवीर महासेठ**
**पूर्वपरराष्ट्रमन्त्री**



प्रधानमन्त्रीको चीन भ्रमणमा हाम्रो तयारी वास्तवमा कमजोर नै हो । कुनमा बढी फोकस गर्ने ? रिटर्न हुने खालका योजनाहरू छनोट गर्न सकेनौं

**अर्जुनजंग थापा**
**पूर्वसचिव**

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २१, मंसिर ।

प्रधानमन्त्री केपी शर्मा ओली ४ दिने चीन भ्रमणपछि बिहीबार नेपाल फर्किए पनि बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) कार्यान्वयनको विषयमा भने प्रश्न उठिरहेको छ। प्रधानमन्त्रीको भ्रमणमा बीआरआईको सहकार्य फ्रेमवर्कअन्तर्गत १० आयोजनामा सम्झौता र समझदारी भएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहादुर राईले सम्झौता भएको बताए पनि सम्झौतामा के छ भन्नेबारे बोलेनन् । सम्झौताका क्रममा द्विपक्षीय सहयोगका लागि सम्पर्क संजाल पूर्वाधार निर्माण, कृषि, ऊर्जा, वाणिज्यलगायत क्षेत्रका केही महत्त्वपूर्ण विकास परियोजनाहरू अघि सारेको र यसमा आपसी सहयोग तथा सहकार्य अभिवृद्धि हुँदै जाने भने पनि ती सम्झौता कार्यान्वयनमा जान्छन् भन्ने प्रश्न अहिले बहसमा आएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद एवं विदेश विभाग प्रमुख शिशिर खनालले बीआरआईको औपचारिक डकुमेन्टहरू सार्वजनिक नगर्नुले ऋण हो वा अनुदान भन्नेमा आमनागरिकमा आशंका पैदा भएको बताए। उनले भने, 'सरकारले सम्झौता भएका डकुमेन्टहरू सार्वजनिक गर्नुपर्छ। पृष्ठ २ मा

# टीआरसी आयोगमा विज्ञ कि राजनीतिज्ञ !

**संक्रमणकालीन न्यायसम्बन्धी आयोगको नेतृत्वमा राजनीतिज्ञ लैजाने कि विज्ञ भन्ने प्रश्नका बीच ८ जनाको नाम सर्ट लिस्टमा परेको छ । तर, सार्वजनिक सर्ट लिस्टलाई सरोकारवालाहरूले भने न विज्ञ, न राजनीतिज्ञ भनेर टिप्पणी गरेका छन्**

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २१ मंसिर ।

संक्रमणकालीन न्याय (टीआरसी) सम्बन्धी २ आयोगको नेतृत्वका लागि ८ जनाको नाम सर्ट लिस्टमा परेको छ ।

संक्रमणकालीन न्यायसम्बन्धी २ आयोगका लागि नाम सिफारिस गर्न गठन भएको पदाधिकारी सिफारिस समिति (सर्च कमिटी)ले अध्यक्षमा ८ जना र सदस्यमा ३२ जनाको नाम तय गरेको हो ।

सर्च कमिटीका प्रवक्ता खम्बबहादुर खातीका अनुसार उनीहरूविरुद्ध ५ दिनको उजुरी आह्वान भएको छ । उजुरी दिने दाबी/विरोध गर्ने समय ५ दिन दिइएको छ । त्यसपछि ३ दिन उनीहरूको प्रस्तुतीकरण हुन्छ । त्यस आधारमा यही ३० मंसिरसम्म आयोगमा पदाधिकारी सिफारिस गर्ने तयारी गरिएको छ।

सर्च कमिटीलाई दिइएको समय २ पुसमा सकिनेछ । त्यस अगाडि नै काम सक्ने कमिटीको तयारी छ ।

प्रवक्ता खातीका अनुसार २ आयोगको अध्यक्षका लागि ८ जनाको नाम सर्ट लिस्टमा परेको छ, जसमा डिल्लीराज आचार्य, अच्युतप्रसाद भण्डारी, विजय सिजापति, विश्वराज कोइराला, सुदीप पाठक, महेश थापा, शेरबहादुर के. सी. र काशीराज दाहाल छन् ।

शेरबहादुर के. सी. बरिष्ठ अधिवक्ता तथा नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष हुन् । उनी नेपाली कांग्रेस निकट कानुन व्यावसायी हुन् । पाठक मानवअधिकार आयोगका पूर्वसदस्य हुन् ।

दाहाल प्रशासकीय अदालतका पूर्वअध्यक्ष हुन् । सुशासन र प्रशासनविद्का रूपमा समेत उनलाई लिने गरिन्छ ।

आचार्य पूर्वन्यायाधीश हुन् । आचार्यले यसअघि सुन तस्करी छानबिन समितिको संयोजक भएरसमेत काम गरेका थिए । तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले आचार्यको पृष्ठ २ मा

## NPL आजको खेल

NEPAL PREMIER LEAGUE

लुम्बिनी लायन्स VS सुदूरपश्चिम रोयल्स
बिहान ९: १५ बजे

कर्णाली याक्स VS विराटनगर किंग्स
दिउँसो १: १५ बजे

**वैदेशिक रोजगार विशेष**

# ७ प्रदेशका ७ उद्यमी सम्मानित

## आन्तरिक रोजगारीले मात्र वैदेशिक रोजगारी कम हुन्छ : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ मंसिर ।

सरकारले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा उत्कृष्ट व्यवस्थापन र अभ्यास गर्ने ७ प्रतिष्ठानलाई सम्मान गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले शुक्रबार आयोजना गरेको कार्यक्रममा मन्त्री शरत् सिंह भण्डारीले ७ प्रदेशका ७ वटा उद्योग तथा प्रतिष्ठानलाई सम्मान गरे ।

आर्थिक वर्ष २०८०/०८१ मा उत्कृष्ट एवं अनुकरणीय कार्य गर्ने सातै प्रदेशबाट १/१ वटाका दरले ७ वटा उद्योग, प्रतिष्ठानलाई सम्मान गरिएको हो । कोशी प्रदेशको सूर्य नेपाल प्रा. लि., मधेश प्रदेशको ब्रिटानिया नेपाल प्रा. लि., बाग्मती प्रदेशको युनिलिभर नेपाल प्रा. लि., गण्डकी प्रदेशको सूर्य नेपाल प्रा.लि., लुम्बिनी प्रदेशको राज ब्रुअरी प्रा. लि., कर्णाली प्रदेशको सिद्धार्थ शनि रिसोर्ट र सुदूरपश्चिम प्रदेशको वेस्टर्न फिड प्रा.लि. सम्मानित भएका हुन् ।

यी उद्योग तथा प्रतिष्ठानले आफ्नो कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा पृष्ठ २ मा

**साउदीमा रोजगार**

कम्पनी: SAUDI READYMIX CONCRETE COMPANY | शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०८१/०८/१३ | चलानी नं.: ६०२२८८८० | L.T. No.: 314579

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 15 | 0 | सम्बन्धित कामामा दक्ष | 1800 | ६४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Workshop Helper | 5 | 0 | | 1000 | ३६,००० | | | | | | | |

Heavy Driver को लागी नेपाली वा साउदी को Heavy License अनिवार्य हुनुपर्नेछ।
साथै Diesel Mechanic, 6G Welder, Auto Electrician ले पनि सम्पर्क राख्नु होला।

अन्तर्वार्ता चन्द्रागिरी सतुन्गल काठमाडौं शिक्षा क्यामपस अगाडीमा २०८१ पुस १ गते (16 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २ र ३ गते (17 & 18 December 2024) मा हुनेछ ।

कम्पनी: RIYADH STEEL COMPANY | शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/११/०२ | चलानी नं.: ६०२१५७४४ | L.T. No.: 300009 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ३५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २९ गते (14 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५२१/०६१/०६२

**रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, फ्याक्स: ४७२११२८
Email:- rolex.nepal@gmail.com, Mobile No: 9851058444, 9851092212, 9851044752.

मध्यान्ह
www.madhyanhadaily.com
२२ मंसिर २०८१, शनिबार
7 December 2024, Saturday

# लामिछानेलाई रातारात पोखरा लगिनु निन्दनीय : रास्वपा

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रवि लामिछानेलाई रातारात चितवनबाट पोखरा लगिएको घटनाप्रति आपत्ति जनाएको छ।

पार्टीको शुक्रबार बसेको आकस्मिक बैठकले सभापति लामिछानेलाई चितवनबाट रातारात पोखरा लगिनु 'आश्चर्यजनक, निकृष्ट, निन्दनीय घटना' भनेको छ।

बैठक पछि रास्वपाले विज्ञप्ति जारी गर्दै सरकारको प्रत्यक्ष निर्देशनमा लामिछानेलाई चितवनबाट रातारात पोखरा लगिएको जनाएको छ।



'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति, पूर्व उपप्रधान तथा गृहमन्त्री एवं सांसद रवि लामिछानेलाई रातारात चितवनबाट पोखरा लगिएको घटनाप्रति पार्टीको घोर आपत्ति रहेको छ। सभापति लामिछानेलाई दिनभर चितवन जिल्ला सरकारी वकिलको कार्यालयमा बयान गराई राति सुतिरहेको बेलामा अचानक उठाई मध्यरातमा चितवनबाट सडक मार्ग हुँदै राति ३ बजे पोखरा पुर्‍याइको रहेछ। यो आश्चर्यजनक, निकृष्ट, निन्दनीय घटना सरकारको प्रत्यक्ष निर्देशनमा भएको सूचना प्रहरी सूत्रबाट प्राप्त भएको छ', विज्ञप्तिमा भनिएको छ। सरकारले प्रतिस्पर्धी राजनीतिक दलको नेतालाई विभिन्न वहानामा यातना दिने, अमानवीय, अपमानजनक र गैरन्यायिक चालबाजी गरिरहेको रास्वपाको आरोप छ। रास्वपा सभापति लामिछानेको डायरीसमेत हिरासतबाटै गायब पारिएको भन्दै रास्वपाले आपत्ति जनाएको छ। रास्वपाले सरकारको यस्तो कर्मले नागरिकको नैसर्गिक मानवअधिकार हनन भएको बताएको छ। यसबारेमा रास्वपाले राष्ट्रिय मानवअधिकार आयोग र सम्पूर्ण राष्ट्रिय अन्तरािष्ट्रय मानवअधिकारकर्मी, मानवअधिकारवादी संघ संस्थाहरुको ध्यानाकर्षण गराएको छ।

रास्वपा र यसका सभापति लामिछानेविरुद्ध राज्य संयन्त्र षड्यन्त्रपूर्ण रूपमा सक्रिय रहेको रास्वपाका आरोप छ। सरकार दुई तिहाईको दम्भमा लोकतान्त्रिक व्यवस्थालाई दलीय कुशासनको पञ्जामा पार्न उद्दत रहेको रास्वपाको ठहर छ। रास्वपाले राज्यको न्यायिक पद्दति, कानुनी शासन र लोकतान्त्रिक अधिकारको रक्षार्थ सक्रिय रहन सबैसमक्ष अपिल गरेको छ।

# भुटानी नरेश स्वदेश फर्किए

**काठमाडौं/मस–** भूटानी नरेश जिग्मे खेसर नाम्गेल वाङचुक शुक्रबार स्वदेश फिर्ता भएका छन्। उनलाई परराष्ट्रमन्त्री आरजु राणा देउवाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदाई गरेकी हुन्।

शुक्रवार अनौपचारिक भ्रमणको सिलसिलामा काठमाडौं आएका वाङचुकले स्वयम्भूनाथ र बौद्धनाथको दर्शनसहित पूजाआजा गरेका थिए। भारतबाट स्वदेश फर्कने क्रममा उनी काठमाडौं आएका हुन्।

निजी भ्रमणको सिलसिलामा काठमाडौं आएलगतै वाङचुक



काठमाडौंको स्वयम्भूनाथ तथा बौद्धमा पुगेर दर्शन र पूजाअर्चना गरेका हुन्।

सो क्रममा उनले स्वयम्भूनाथ परिसरको अवलोकनसमेत गरेका थिए। साथै नजिकै रहेको गुम्बाहरूमा समेत गएका थिए।

# पत्रकार महासंघको अध्यक्षमा पाँच जनाको उम्मेदवारी

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघको केन्द्रीय निर्वाचनका लागि मनोनयन दर्ता सम्पन्न भएको छ। ५२ सदस्य केन्द्रीय समितिका लागि मनोनयन भएको हो। सभापति पदमा निर्मला शर्मा, रमेश विष्ट, कमल गिरी, देवीप्रसाद सापकोटा र लालसिंह (एलएस) लामा गरी पाँच जनाको उम्मेदवारी परेको हो।




नेपाल पत्रकार महासंघको महाधिवेशनमा नेपाल प्रेस युनियन र प्रेस चौतारीले गठबन्धन गरी उम्मेदवारी दिएका छन् भने प्रेस सेन्टर, समाजवादी प्रेस संगठन, क्रान्तिकारी प्रेस संगठन, जनपत्रकार संगठन, प्रगतिशील पत्रकार संगठन र प्रेस मञ्च नेपाल संयुक्त प्यानल बनाएर महासंघको महाधिवेशनमा उम्मेदवारी दिएका छन्। मंसिर २८ गतेका लागि तोकिएको निर्वाचनका लागि महासंघको केन्द्रीय कार्यालयमा मनोनयन दर्ता गरिएको हो।

यसअघि पत्रकार महासंघको चुनाव २०७७ चैतमा भएको थियो। त्यसबेला प्रेस चौतारीकी निर्मला शर्मालाई हराउँदै प्रेस युनियनका विपुल पोखेल अध्यक्ष निर्वाचित भएका थिए। निर्वाचित अध्यक्ष पोखेलले सदस्यता विवादका कारण राजीनामा दिएका थिए। त्यसपछि महासंघका बरिष्ठ उपाध्यक्ष रमेश विष्टले समेत राजीनामा दिएपछि कार्यवहाक अध्यक्ष बाला अधिकारीको नेतृत्वमा निर्वाचन हुन लागेको हो।

# कैलालीका थारू समुदाय लवांगी पूजामा रमाउँदै

**धनगढी/मस–** कैलालीका थारू समुदाय लवाङ्गी पूजाको तयारीमा जुटेका छन्। नयाँ अन्न भित्र्याईसकेपछि प्रसादका रूपमा आफ्ना देवीदेवतालाई त्यो चढाउन यो समुदायले हरेक वर्ष विवाह पञ्चमीमा लवाङ्गी पूजा गर्दै आएको छ। थारू अगुवा चन्द्रकुमार चौधरीका अनुसार यो पूजासँगै थारू समुदायमा भजहर, हरहर पूजा गर्ने गरिन्छ। लवाङ्गी र हरहर पूजा अन्नबालीसँग जोडिएको हुन्छ भने भजहर गर्मीयाम सुरु भएसँगै विभिन्न रोगव्याधिले सताउने हुँदा त्यस्ता रोगव्याधि नलागोस् भनेर पूजा गरिन्छ। भजहर पूजा ग्रीष्मऋतुको पूर्वसन्ध्यामा हुने गरेको छ।

अन्नसँग जोडिएकाले पनि लवाङ्गी पूजाको महत्व छ। विशेषगरी कैलालीको घोडाघोडी मन्दिरमा थारूहरूको लवाङ्गी पूजा हुने गरेको छ।

पश्चिम नेपालका थारू समुदायको सबैभन्दा ठूलो देउथान घोडाघोडीलाई



मानिन्छ। घोडाघोडी मन्दिरलाई थारू समुदायले घोरीघोरा देउथानका रूपमा मान्दै परापूर्वकालदेखि यस क्षेत्रमा लवाङ्गी पूजा गर्दै आएको चौधरीले बताए। देउताको बास भएको ठाउँमा बलि दिएर पूजा गरिन्छ, त्यो देउथान हो। यस क्षेत्रमा परापूर्वकालदेखि नै बलि दिएर पूजा गरिन्छ त्यसैले यो घोरीघोरा देउथान हो मन्दिर होइन।

लवाङ्गी पूजाको अघिल्लो रात थारू गुरुवाहरूले ढाक बजाउने, धामी बस्ने गरेको घोडाघोडी नगर भल्मल्सा कार्यसमितिका अध्यक्ष बुधराम चौधरीले जानकारी दिए। पूजाका दिन बिहान मन्दिरमा देउतालाई छाँकी (रक्सी), चढाई कुखुरा, सुँगुरलगायत पशुबलि दिने गरिन्छ। मुख्य गुरुवाले पूजा गरेपछि सहभागी भल्मन्साहरूले भोग दिने अनि त्यसपछि मात्र अन्य भक्तजनको पूजा तथा भोग दिने गरिन्छ।

घोडाघोडी मन्दिरमा पूजा गरिसकेपछि आ-आफ्नो गाउँको मरुवामा पूजा गर्ने प्रचलन छ। पूजाका अवसरमा घोडाघोडीमा थारू संस्कृति संरक्षणका लागि सांस्कृतिक कार्यक्रमको आयोजना पनि गरिएको छ। राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुतिसँगै थारू समुदायको वेशभूषा झल्काउने थारू समुदायको पुरानो बडका नाच, सखिया नाच, लाठी नाच, झुम्रा नाच, कठरिया नाच, दिन नचुवा नाच, धमार, माङ्गरलगायत प्रस्तुति भइरहेको अध्यक्ष चौधरीले जानकारी दिए। कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङलगायत स्थानबाट ठूलो सङ्ख्ययामा भक्तजन यहाँ आउने गरेका छन्।

# सडक ढलानमा पीपीसी सिमेन्टको प्रयोग, स्थानीयद्वारा विरोध

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
**रौतहट, २१ मंसिर**

रौतहटको देवाही गोनाही नगरपालिकाको वडा नं.५ पिप्रामा गरिएको ढलानमा पीपीसी सिमेन्टको प्रयोग भएपछि स्थानीयहरुले विरोध गरेका छन्। संघीय सरकारको कुल ८० लाखको लागतमा निर्माण हुँदै गरेको सडकमा ओपीसीको सट्टा पीपीसी सिमेन्ट प्रयोग गरेर ढलान गर्न थालेपछि स्थानीयहरुले सो कार्यको विरोध गरेका छन्।

देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साहको निर्देशनमा कमदारहरुले सडक ढलानमा पीपीसी सिमेन्ट प्रयोग गरी रहेको स्थानीय नेपाली कांग्रेसका नेता भोला राय यादवले बताए। सडक ढलानमा कमसल सामग्री प्रयोग गरिरहँदा स्थानीयहरुले विरोध गर्दा पनि मेयर साहले काम नरोकिएको यादवले बताए। भौतिक संरचना



वा सडक ढलान जस्ता सरकारी स्तरको कार्यमा होडिङ्ग बोड राख्नुपर्ने सरकारी नियम भएपनि मेयर साहले सत्ता र पावरको बलमा बोर्ड नलगाइ सडक ढलान कार्य गराइ राखेको नेता यादवको भनाइ छ।

यसै विषयलाई लिएर नेता यादवले पालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवलाई जानकारी गराएपनि उनले काम नरोकिएको आरोप लगाए। सरकारी निकायबाट हुने कार्यमा इस्टमेट बोर्ड राख्नुपर्ने नियम रहेकाले यसमा सम्बन्धित व्यक्ति नै ध्यान दिनुपर्ने यादवले बताए।

त्यस्तै सोही ढलानको लागि जयनगरमा रहेको हार्डवेयर पसलबाट लोड गरिएको पीपीसी सिमेन्ट स्थानीयले देखेर विरोध गर्दा सो सिमेन्ट गोदाममै थन्काइएको कुरा पनि बाहिरिएको छ।

## भारतको...

कूटनीतिक रूपमा संवाद थालेका छन्। अमेरिका र भारतीय अधिकारीहरू आन्तरिक संवादमा जुटेका छन्। तर, नेपालका राजनीतिक दलहरूले कसरी 'मुभ' लिन्छन् भन्नेमा उनीहरूको चासो छ।

हुनत भारतसँगको सम्बन्ध सोचेअनुसार सुमधुर हुन नसकेपछि प्रधानमन्त्री चीन भ्रमणमा गएका हुन्। यसमार्फत प्रधानमन्त्रीले खुला कूटनीतिको सन्देश भारतलाई दिएका हुन्।

सार्वजनिक अभिव्यक्तिमा भने प्रधानमन्त्री ओलीले आफू नेतृत्वको सरकारलाई सबैको साथ र समर्थन रहेको बताउँदै आएका छन्। चीनबाट फर्केपछि पार्टीका पदाधिकारी स्तरमा नेताहरूको अनौपचारिक संवादमा पनि ओलीले यही भनेका छन् र यहीअनुसारको सन्देश प्रवाह गर्न आग्रह गरेका छन्।

नेताहरूका अनुसार प्रधानमन्त्री ओलीले दुवै छिमेकसँग सन्तुलित सम्बन्ध राखिने कुरा दोहोर्‍याएका छन्। आफू नेतृत्वको सरकारलाई भारत, चीन, अमेरिकालगायत सबैको समर्थन रहेको र सरकार सबैको विश्वास लिएर अगाडि बढ्ने बताएका छन्।

संयुक्त राष्ट्रसंघ महासभा जानुअघि प्रधानमन्त्री ओलीले संसद्को रोष्ट्रममै उभिएर छिमेक सम्बन्धमा आफूहरू प्रष्ट रहेको बताएका थिए। चीन भ्रमणबाट फर्किएपछि उनले सार्वजनिक रूपमा व्याख्या गर्न भने बाँकी छ।

ओली र भारत सम्बन्ध यस पटक मात्र दुरीमा रहेको भने होइन। भारतीय नाकाबन्दीका बेला ओली नै प्रधानमन्त्री थिए। नेपालको नक्सामा चुच्चे भूभाग समेट्दै गरिएको संविधान संशोधनको पृष्ठभूमिमा पनि प्रधानमन्त्री ओली थिए। ती सबै उतारचढावलाई नयाँ परिवेशमा ओलीले नयाँ ढंगबाट सम्बन्ध सुदृढ गर्दै अगाडि बढ्न चाहेका छन्।

यसका लागि भारतमा तेस्रोपल्ट प्रधानमन्त्री निर्वाचित नरेन्द्र मोदीको शपथ ग्रहण समारोहलाई ओलीले अवसरका रूपमा उपयोग गर्न चाहेका थिए।

मोदीको शपथमा सहभागी हुन जान लागेका तत्कालीन प्रधानमन्त्री प्रचण्डलाई प्रमुख सत्ता साझेदारका रूपमा ओलीले आफ्नो पार्टीका एक जना मन्त्रीलाई लिएर जान जोड दिए। त्यसमा ओलीको प्रमुख उद्देश्य थियो- भारतसँग सम्बन्ध सुधार्नु थियो।

नयाँ सरकार बनेसँगै संसदका प्रमुख २ दलहरू मिलेर बनेको नयाँ सरकारको सन्देश बोकेर परराष्ट्रमन्त्री डा. आरजु राणा भारत भ्रमणमा पनि गइन्। तर, ओलीमाथि भारतको प्रश्न एकपछि अर्को थपर्ने क्रम जारी रहेको नेताहरू बताउँछन्।

## कांग्रेस...

'टेक्निकल सपोर्ट एन्ड एड फाइनान्सिङ मोडालिटी' शब्दावली राखेर सहमति भएको हो।

स्रोतका अनुसार नेपालको प्रस्ताव चीनले नमानेपछि प्रधानमन्त्री ओलीले भ्रमणमै रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा र काठमाडौं रहेका कांग्रेस सभापति शेरबहादुर देउवासँग परामर्श गरेर ऋण र अनुदान दुवै अर्थ लाग्ने 'एड फाइनान्सिङ मोडालिटी' मा सहमति जनाएका थिए।

अनुदान मात्र राख्दा चिनियाँ पक्ष नमान्ने र अनुदान शब्द हटाउँदा कांग्रेसले नमान्ने भएपछि थप छलफल गरेर 'एड फाइनान्सिङ' अर्थात् वित्तीय सहायता उल्लेख गरेर हस्ताक्षर गरिएको हो।

बीआरआईमा भएको यस्तो प्रकारको सम्झौताप्रति कांग्रेसका एकथरि नेताहरूले असन्तुष्टि जनाइरहेका छन्। असन्तुष्टि जनाउनेहरूमा पूर्वपराराष्ट्रमन्त्रीहरू एनपी साउद, डा. प्रकाशशरण महतलगायतका नेता छन्। उनीहरू काठमाडौंमा भएको सहमतिविपरीत सम्झौता भएको बताइरहेका छन्।

कांग्रेस सभापति देउवा र अन्य नेताहरू चीनलाई थप चिढ्याउनेगरी यसलाई गिजोल्न नहुने पक्षमा छन्।

स्रोतका अनुसार सभापति देउवा बीआरआई फ्रेमवर्कमा भएको सम्झौतालाई विरोध गर्ने पक्षमा छैनन्। कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार ओली र देउवाले आधाआधा कार्यकालका लागि सरकारको नेतृत्व बाँडेका छन्। ओली प्रधानमन्त्री भएपछि पटकपटक कांगेसलाई सत्ता हस्तान्तरण गर्ने बताइरहेका छन्।

सभापति देउवा ओलीलाई बिच्काएर सत्ता गुमाउन चाहँदैनन्। 'त्यस कारण देउवाले ओलीको विपक्षमा बोल्न चाहँदैनन', कांग्रेसका एक नेताले भने। त्यसको झलक बीआरआई सम्झौतामा भएको हस्ताक्षरको विषयमा देउवाले शुक्रबार विराटनगरमा दिएको अभिव्यक्तिबाट प्रस्ट हुन्छ।

कांग्रेस नेता एवं पूर्वपरराष्ट्रमन्त्री साउदले अहिलेको अवस्थामा अनुदान मात्र लिने निर्णय पार्टीबाट भइसकेको अवस्थालाई लत्याएर ऋण लिन सक्नेगरी हस्ताक्षर गर्नु गलत भएको प्रतिक्रिया दिए।

'बीआरआई सहकार्य फ्रेमवर्कलाई अघि बढाउने विषयमा कांग्रेसले प्रस्ट निर्णय गरिसकेको थियो। हामीले अनुदान मात्र स्वीकार गर्छौं भनेका थियौं। तर, पार्टीको निर्णयविपरीत यसरी हस्ताक्षर हुनु ठीक होइन', उनले भने।

'टेक्निकल सपोर्ट एन्ड एड फाइनान्सिङ मोडालिटी'मा ऋण सहायता लिनु पार्टी नीतिविपरीत भएको उनले बताए।

कांग्रेस केन्द्रीय सदस्य तथा अर्थविद् प्रा. डा. गोविन्दराज पोखरेलले साझा धारणा बनाएर अर्कै विषयमा सम्झौता गर्नु अपरिपक्वता भएको टिप्पणी गरे। उनले भने, 'सहुलियतपूर्ण ऋणसमेत लिन सकिनेगरी बीआरआईमा जसरी हस्ताक्षर भयो, त्यसले कांग्रेसको अडानमा अपरिपक्वता झल्काएको छ। यो गम्भीर विषय बनेको छ। पार्टीभित्र छलफल हुनुपर्छ।'

कांग्रेस प्रवक्ता महत पनि सम्झौता कांग्रेसले लिएको अडानसँग मेल नखाएको बताउँछन्। ऋणमा अघि बढाउनेगरी भएको सम्झौता गलत भएको उनको तर्क छ।

तर, कांग्रेसका यी नेताहरूको भनाइविपरीत सभापति देउवाले बीआरआई फ्रेमवर्कमा ऋण लिने सहमति नभएको बताएका छन्।

विराटनगरमा शुक्रबार संचारकर्मीहरूसँग बोल्दै उनले भने, 'बीआरआई सम्झौतामा सरकारले हस्ताक्षर गरेको छ। म प्रधानमन्त्रीलाई धन्यवाद दिन्छु।' देउवाले सम्झौताअनुसार बीआरआईमा ऋण नलिइएको रूपमा बुझ्न आग्रह गरे। 'ऋण लिएकै छैन', उनले भने।

प्रधानमन्त्री ओलीको टोलीसँगै चीन भ्रमणमा गएका अर्जुननरसिंह केसीले आर्थिक सहयोग भन्नाले अनुदान, ऋण, प्राविधिक सहयोग र मानवीय सहयोग सबैलाई समेटेको बताएका छन्।

शुक्रबार सामाजिक संजाल फेसबुकमा उनले लेखेका छन्, 'बीआरआई फ्रेमवर्कमा भएको सहमति नेपालतर्फको अनुदान प्रस्तावबाट आर्थिक सहयोगमा परिणत भएको छ।' उनले सहमतिको दस्तावेज हालसम्म प्राप्त नभएको पनि उल्लेख गरेका छन्।

कांग्रेसले 'बीआरआई फ्रेमवर्क'भित्र अनुदान मात्र स्वीकार गर्न सकिने निर्णय संस्थागत रूपमै गरेको थियो। प्रधानमन्त्री ओली चीन भ्रमणमा जानु एक साताअघिदेखि बीआरआईमा ऋण र अनुदान दुवै स्वीकार गर्ने कि अनुदान मात्र लिने भन्नेबारेमा २ दलबीच लामो रस्साकसी नै चलेको थियो।

यसैबीच कांग्रेसले प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा भएको बीआरआईसम्बन्धी फ्रेमवर्कमा भएको हस्ताक्षरबारे आधिकारिक धारणा बनाउन केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको छ। बैठक सोमवार बिहान ९ बजे बस्ने छ।

## कार्यान्वयनको...

बीआरआईकै विषयमा पनि औपचारिक डकुमेन्ट सार्वजनिक भएको छैन। बीआरआईको डकुमेन्ट एउटा सांसदको रूपमा हेर्न पाएको छैन किनभने जति गुमराहमा राख्छौं, त्यति नै गर्नै नहुने सम्झौता पो गरे कि भन्ने आशंका कायम रहन्छ।'

सम्झौताको विषयमा सत्ता गठबन्धन दलबाटै नै असन्तुष्टि बाहिर आएको छ। बीआरआई सम्झौतामाथि परराष्ट्रनीतिसँग जोडिएको अर्को छिमेकी मुलुक भारतले समेत आशंका जनाएको देखिन्छ। तर, पूर्वपरराष्ट्रमन्त्री रघुवीर महासेठले बीआरआई सम्झौता नेपालमा बनेका रेल, सडकलगायत अन्य कनेक्टिभिटीको विकासको लागि भएको बताए।

उनी चीन-नेपाल जोड्ने रेल र सडक पूर्वाधार बन्दा भारतलाई नै फाइदा हुने तर्क गर्छन्। 'बीआरआईबाट भारत तर्सनुपर्दैन। नेपालमा कनेक्टिभिटीको विकास भयो भने नेपालको बाटो भारतले प्रयोग गर्न मिल्छ। नेपालमा हामी बीआरआई होस् वा अन्य कुनै परियोजना होस्। भारतविरोधी भावनाले प्रेरित योजना स्वीकार गर्दैनौं। तर, बीआरआई फ्रेर्मवक परियोजना त्यस्तो छैन', उनले भने।बीआरआई फ्रेमवर्कभित्र परेका परियोजना हेर्दा पूर्वाधारबाहेक अन्य आयोजना निकै कम महत्त्वका देखिन्छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको गृह जिल्ला झापामा स्पोर्ट्स एन्ड एथ्लेटिक्स कम्पलेक्स निर्माण र कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको गृह जिल्ला डलेल्धुराको अमरगढीमा सिटी हल निर्माण गर्ने सम्झौताले परराष्ट्र मन्त्रालयको संयन्त्र कमजोर भएको र दलीय संयन्त्र बलियो देखिएको छ।

पूर्वसचिव अर्जुनजंग थापाले प्रधानमन्त्री ओलीको चीन भ्रमणमा नेपालको कमजोर तयारी भएको बताएका छन्। 'हाम्रो तयारी वास्तवमा कमजोरी नै हो। कुनमा बढी फोकस गर्ने? रिटर्न हुने खालका योजनाहरू छनोट गर्न सकेनौं।'

## टीआरसी...

नेतृत्वमा सुन तस्करी छानबिन समिति बनाएर अध्ययन गरेको थियो। त्रिभुवन विमानस्थलबाट भित्रिएको ६० किलो सुन तस्करी प्रकरण र ९ किलो सुन तस्करी प्रकरणको विषयलाई अध्ययन गर्न सरकारले आचार्यको नेतृत्वमा समिति बनाएको थियो।
आचार्य नेतृत्वको समितिको प्रतिवेदन सरकारले कार्यान्वयनमा लगिसकेको छ।

संक्रमणकालीन न्यायसम्बन्धी आयोगको नेतृत्वमा राजनीतिज्ञ लैजाने कि विज्ञ भन्ने प्रश्नका बीच यी ८ जनाको नाम सर्ट लिस्टमा परेको हो। तर, सार्वजनिक सर्ट लिस्टलाई सरोकारवालाहरूले भने न विज्ञ, न राजनीतिज्ञ भनेर टिप्पणी गरेका छन्।

टीआरसीसँग जोडिएका मुद्दा मामिलामा संलग्नता जनाउँदै आएका एक अधिकारी भन्छन्, 'अध्यक्षाको सर्ट लिस्टमा परेकाहरूको नाम हेरें। मलाई लाग्यो- तीमध्ये जसले नेतृत्व पाएछन् भने पनि आयोगको मर्मअनुसार स्वविवकेले संक्रमणकालीन न्यायलाई पार लगाउन सक्ने छैनन्।'

## आन्तरिक...

स्वास्थ्य क्षेत्रमा उत्कृष्ट व्यवस्थापन गरेका भन्दै मन्त्रालयले सम्मानित गरेको जनाएको छ। त्यस अवसरमा मन्त्री भण्डारीले कार्यक्षेत्रमा श्रमिकको शारीरिक, मानसिक र सामाजिक कल्याणको संरक्षण र व्यवस्थापनले उद्यमशीलता विकासमा दीर्घकालीन रूपमा सघाउ पुग्ने बताए।

मन्त्री भण्डारीले वैदेशिक रोजगारीका क्रममा १६ वर्षमा १४ हजार नेपाली श्रमिकको मृत्यु भएको भन्दै वैदेशिक रोजगारीलाई थप सुरक्षित र व्यवस्थित बनाउन सरकार लागिपरेको बताए।

मन्त्री भण्डारीले आन्तरिक रोजगार प्रवर्द्धन गर्न सके वैदेशिक रोजगारीको बाध्यता अन्त्य हुने धारणा राख्दै त्यसका लागि आन्तरिक रोजगारी प्रवर्द्धनसँगै श्रम बजारप्रतिको विश्वास बढाउनेतर्फ उद्योग तथा प्रतिष्ठानको ध्यानार्कषण गराए। विभागले आन्तरिक श्रम बजारमा कार्यरत श्रमिकको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूतिका लागि अनुकरणीय र असल अभ्यास गर्ने उद्योग तथा प्रतिष्ठानलाई विभिन्न सूचकका आधारमा छनोट गरी प्रत्येक वर्ष सम्मान गर्दै आएको छ।

# सामुदायिक वनको आम्दानीले युवालाई रोजगारी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ मंसिर

अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नम्बर १०, ११, १२, १३ र १४ का विभिन्न ठाउँमा रहेका सामुदायिक वनहरुको आम्दानीले गाउँहरु झिलिमिलि हुन थालेपछि अहिले स्थानीय युवाहरुले रोजगारी पाउन थालेका छन ।

शितगंगाको १३ नम्बर वडा भंगाला भन्ने ठाउँमा रहेको गाउँमा सामुदायिक वनको आम्दानीबाट थुप्रै नमुना विकास निर्माणका कामहरू भएपछि स्थानीय उपभोक्ताहरु हर्षित मात्र नभइ त्यहाँका युवाहरु गाउँमै रोजगार पाउन थालेका छन् । शितगंगा नगरपालिकाको विकट बस्ती भनेर चिनिने भङ्गलाका ३४ घर परिवार रहेको सो गाउँमा धेरै विकास निर्माणका कामहरू सामुदायिक वनको आम्दानीबाट सम्पन्न भएका छन् भने स्थानीय युवाहरु रोजगारीका लागि कुनै ठाउँ जानु पर्दैन । गाउँमै भ्याइ नभ्याइ छ ।

शितगंगा १३ मा रहेको सो धिरीखोला भन्ने स्थानमा सामुदायिक वन उपभोक्ता समूहको आम्दानीबाट 'गाउँमा पुग्ने मोटरबाटो, सिँचाइ योजना, खानेपानी, विद्यालय भवन निर्माण, इन्टरनेट विस्तार, विद्युत विस्तार गाउँमा बाख्रा पालन, कुखुरा पालन, बङ्गुर पालन वैदेशिक रोजगारीमा जानेहरुका लागि आर्थिक सहयोग गरेपछि गाउँका सबै उपभोक्ता रोजगारीमा व्यस्त रहेको धिरिखोला सामुदायिक वनका अध्यक्ष रेमकला गुरुङले मध्यान्हलाई जानकारी दिइन् ।

सो समुहले सडक निर्माण गर्ने तथा मर्मत गर्ने कार्यमा यस वर्ष मात्रै झण्डै २१ लाख रुपैयाँ खर्च गरेको अध्यक्ष गुरुङको भनाइ छ ।

गोरुसिंगे सन्धिखर्क सडकको डोहोटेबाट भंगाला गाउँमा जान सहज भएपछि अहिले त्यो बाटो धेरैले प्रयोग गर्छन् । भंगाला गाउँको भित्री सडक पनि निर्माण तथा मर्मत भएको सामुदायिक वनका कोषाध्यक्ष बसन्त भुसालले बताए ।

सामुदायिक वनका अध्यक्ष रेमकलाले भनिन्, 'यो वर्ष ३५ लाख र विगतका वर्षहरूमा गरी झन्डै ८० लाख रुपैयाँको लगानीमा भंगाला सिँचाइ योजना पूरा भएपछि अहिले त्यहाँका उपभोक्ताले तरकारी खेती गरेर दैनिक कपिलवस्तु लगेर बेचबिखन गर्ने गरेका छन्। जसबाट ६० बिघा खेतमा सिँचाइ सुविधा पुगेपछि अहिले खेती गर्न किसान उपभोक्ता कम्मर कसेर लागेका छन् ।'

यस्तै शितगंगा १२ मा पनि डोहोटे सामुदायिक वनको आम्दानीले सिँचाइ, विद्युतका काम, बाख्रा वितरण, हाते ट्याक्टर वितरण गर्नुको साथै बिउपल वितरण गरेपछि मौसमी तथा बेमौसमी तरकारी उत्पादन बढेको सामुदायिक वनका ध्यक्ष रेशम बन्जाडेले बताए। शितगंगाका अधिकांश ठाउँमा कपिलवस्तु जिल्लाबाट सामुदायिक वनको आम्दानीले गाउँमा बिजुली बत्ती बाल्न पाएपछि उपभोक्ताहरु झन् खुसी देखिन्छन् ।

विकट वस्तीमा सामुदायिक वनको आम्दानीबाट गाउँ अहिले झिलिमिली भएपछि उपभोक्ता हर्षित भएका हुन् । घरघरमा नेट सुविद्या पुगेको छ। गाउँमा रहेका साना बाटाहरु निर्माण भएका छन्। विद्यालय भवन पनि बनेका छन्। गाउँमा विद्यालयका सानातिना काम गर्न विद्यालयमा निजी श्रोतबाट शिक्षक राख्नका लागि अहिले सरकारको मुख हेर्न पर्ने अवस्था नभएको स्थानीय मोहन बन्जाडेले बताए ।

धिरिखोला सामुदायिक बन ले खानेपानी मर्मतमा वार्षिक ३० हजार रुपैयाँ खर्च गर्छ गाउँमा भगवती मन्दिर मा ७ लाख रुपैयाँको लागतमा निर्माण गरिएको स्थानिय नारायण पौडेलले बताए । गाउँमा चाहिने विकासका कामका लागि राज्यका कुनै सरकारको मुख ताक्नुपर्दैन । सामुदायिक वनहरू सक्षम भएको खण्डमा गर्न सकिन्छ भन्ने उदाहरण अर्घाखाँचीका सामुदायिक वनहरुले देखाएको शितगंगाकाका समाजसेवी नारायण सिंह बेल्वासेले बताए।

उपभोक्ताको आयआर्जन बढाउनका लागि तरकारी खेती गर्ने, गाईभैंसी पालन गर्ने, बाख्रापालन गर्ने, बुंगुरपालन गर्ने कृषकलाई वार्षिक ३ प्रतिशत ब्याजदरमा ऋण लगानी पनि सामुदायिक बनले गर्ने गरेको वन अधिकृत चन्द्र भाटले बताए ।

धिरिखोलामा सामुदायिक वनको आम्दानीबाट भैंसीपालनका लागि २० लाख बाखापालनका लागि १५ कुखुरापालनका लागि ५ र बंगुरपालनमा ३ जनाले वार्षिक ३ प्रतिशत ब्याजदरमा ऋण पाएका छन् । भैंसीपालनका लागि वार्षिक ३ प्रतिशत ब्याजदरमा ७० हजार रुपैयाँ ऋण लिएको उपभोक्ता बसन्तप्रसाद भुसालले बताए ।

उनले भने, 'भैंसीपालन गरेर दूध बिक्री गरेर आम्दानी गरिरहेको छु ।' कृषि तथा पशुपालन गर्ने उपभोक्ताहरूको हितका लागि उनीहरूको मागका आधारमा हातेट्याक्टर वितरण, घाँस काट्नको लागि चाप कटहर वितरण गरेको छ । बिउको लागि बोका पनि वितरण गरेको छ ।

रोजगारीका लागि वैदेशिक रोजगारीमा गएकाहरू सात जना गाउँमा फर्किएर स्वरोजगारका काम गरिरहेका छन्। विदेशबाट फर्किएका दुई जनालाई अटो रिक्सा खरिदका लागि निर्व्याजी ऋण पनि प्रदान गरिएको छ। साउदी अरबबाट फर्किएका किशोर गुरुङ र भारतको दिल्लीमा रोजगारी गरेर फर्किएका दिलीप घमलाई व्याज मिनाहा गरी ३ लाख रुपैयाँका दरले कर्जा लिने गरेका छन् । त्यस्तै शितगंगा नगरपालिका वडा नम्बर ११ को गैडे सामुदायिक वनका उपभोक्ताहरुको पनि दैनिकी फेरिएको सामुदायिक वनका सचिव सीता बेल्वासेले बताइन्। गैडे सामुदायिक वन अहिले अर्घाखाँची नमुना सामुदायिक वनको रुपमा परिचित छ । यस वनले जिल्लामा सरकारले गर्न नसकेका विकासका कामहरु आन्तरिक आम्दानीबाट गरिरहेको छ ।



कपिलवस्तु र अर्घाखाँचीको सीमानामा रहेको सो सामुदायिक वनको आम्दानीबाट त्यहाँका उपभोक्ताहरुले धेरै विकास निर्माणका कामहरु गरेको उपभोक्ता समुहका सचिव सीता बेल्वासेको भनाइ छ । सो सामुदायिक वन अर्घाखाँची र कपिलबस्तुको सीमाना क्षेत्रमा पर्छ भने त्यसको सरक्षण दुवै जिल्लाका उपभोक्ताहरुले गर्ने गर्छन् । सचिव सीता बेल्वासेका अनुसार सामुदायिक वनको आम्दानीबाट बाटो खन्ने सिँचाइका योजनाहरु सम्पन्न गर्ने, बिजुली बाल्ने, विद्यालय भवनलाई सहयोग बाढी पीडितलाई सहयोग समेत गर्ने गरिएको छ ।

सामुदायिक वनको आम्दानीबाट स्थानीय सरकारले गर्न नसकेका कामहरु समेत उपभोक्ताहरुले आफै निर्माण गर्ने काम गरेको डिभिजन वन अधिकृत मोहन प्रसाद श्रेष्ठले बताए ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका वरिष्ठ वन अधिकृत उमेश शाह भन्छन्,' यति धेरै विकासका काम भएका छन् कि धेरै नमुना काम भएका छन् । वन कार्यालयले त्यसको अनुगमन निगरानी गर्ने गरेको छ पुरस्कृत गर्ने गरी सामुदायिक वनले काम गरेका छन् ।'

# तहसिलदार र कम्प्युटर अपरेटरविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २० हजार घुससहित पक्राउ परेका जिल्ला अदालत कपिलवस्तुका दुईजना कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । जिल्ला अदालत कपिलवस्तुका तहसिलदार सन्तोष कुमार मिश्र र कम्प्युटर अपरेटर विकास पाण्डेविरुद्ध आज विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

केही दिनअघि सेवाग्राहीबाट २० हजार घुस लिइसकेको अवस्थामा उनीहरूलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको थियो ।




अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार तहसिलदार मिश्र र कम्प्युटर अपरेटर पाण्डेको मिलेमतोमा वण्डा मुचुल्का बदर गरी पुनः वण्डा मुचुल्का गरिदिने तथा तारेख समेत दिने प्रयोजनार्थ सेवाग्राहीसँग २० हजार घुस लिएको पुष्टि हुन आएकाले उनीहरूविरुद्ध आज मुद्दा दायर भएको हो ।

उनीहरूविरुद्ध २० हजार बिगो दावीसहित जरिवाना सजायको माग गरिएको अख्तियारले जनाएको छ ।

# एमटीबी–एआरआईएफलाई गुणस्तर मान्यता

**काठमाडौं/मस–** क्षयरोग परीक्षणमा प्रयोग हुँदै आएको मलिक्युलर परीक्षणको लागि एक्सपर्ट एमटिवी/एआरआइएफ अल्ट्रालाई प्रिक्वालिफिकेशन उच्च गुणस्तर मान्यता प्रदान गरेको छ। विश्व स्वास्थ्य सङ्गठनले हालै प्रेस विज्ञप्ति जारी गरी उच्च गुणस्तर प्रदान गरेको जनाएको हो ।

मलिक्युलर परीक्षण शरीरको कुनै पनि भागमा भएको क्षयरोगको परीक्षण गर्न प्रयोग हुन्छ। मस्तिष्क, फोक्सो, हड्डी लगायत विभिन्न भागको अङ्गको क्षयरोग पत्ता लगाउन र क्षयरोगमा भएको औषधी प्रतिरोध परीक्षण गर्नको लाग पनि प्रयोग हुन्छ । यो परीक्षणको उच्च गुणस्तरको मान्यता पाउने एमटिवी/एआरआइफ अल्ट्रा पहिलो प्रविधि हो । यस अघि यो कम्पनीले उत्पादन गरेको उपकरणलाई विश्व स्वास्थ्य सङ्गठनले अनुमति दिए पनि उच्च गुणस्तरको मान्यता यस पालि प्रदान गरेको हो ।

डब्लुएचओका सहायक निर्देशक डा. युकीको नाकातानीले भने, 'यो पहिलो क्षयरोग पहिचानको लागि प्रिक्वालिफिकेशन विश्व स्वास्थ्य सङ्गठनका लागि महत्त्वपूर्ण कोसेढुंगा हो । जसको कारण उच्च गुणस्तरीय क्षयरोग परीक्षणहरूको पहुँच विस्तार गर्न, सुरक्षा र कार्यक्षमता मापदण्डहरू पूरा गर्न मद्दत पुर्‍याउँछ ।'

विश्व स्वास्थ्य संगठनका अनुसार यस परीक्षणको गुणस्तर क्षयरोग निदान र उपचारमा सुधार ल्याउनुका साथै उच्च गुणस्तरीय निदान परीक्षणहरूको पहुँच सुनिश्चित गर्छ । सन् २०२३ मा विश्वव्यापी रूपमा ८२ लाख नयाँ क्षयरोगी पत्ता लगाएको थियो ।

विगत धेरै वर्षदेखि यो प्रविधि प्रयोगमा आएको र विश्वका धेरै देशहरूले क्षयरोगको निदानमा यो प्रविधि प्रयोग गर्दै आएको राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. प्रज्वल श्रेष्ठले बताए ।

नेपालमा १ सय १७ वटा केन्द्रबाट १ सय ३१ वटा मलिक्युलर परीक्षण मार्फत परीक्षण भइरहेको उनले बताए। कुनै पनि उपचारमा प्रयोग हुने प्रविधि या औषधी विश्व स्वास्थ्य संगठनबाट मान्यता प्राप्त भएमा खरिद कम्पनी र बोलपत्र गर्ने कार्यालय दुवैलाई सहज हुने डा. श्रेष्ठले बताए ।

# धरानका मेयरलाई कारबाही गर्न गृहमन्त्री समक्ष माग

**धरान/मस–** धरानका मेयर हर्कराज साम्पङलाई कारबाही गर्न गृहमन्त्री रमेश लेखक समक्ष माग गरिएको छ । शुक्रबार धरान आएका गृहमन्त्रीलाई सुनसरीका पत्रकारहरूले ज्ञापनपत्र बुझाउँदै साम्पाङलाई तत्काल कारबाही गर्न माग गरेका हुन् ।

पछिल्लो समय मेयर साम्पाङले पत्रकारहरूलाई धम्की दिने क्रम नरोकिएकाले पत्रकारहरू असुरक्षित भएको नेपाल पत्रकार महासंघका पूर्वउपसभापति हर्ष सुब्बाले बताए । उनले गृहमन्त्री समक्ष हर्क साम्पाङका अराजक र आपराधिक गतिविधि नियन्त्रण गर्न र पत्रकारलाई स्वतन्त्र पूर्वक काम गर्ने वातावरण बनाउन माग गरेका छन् ।

साम्पाङले सुरुमा सुनसरीका पत्रकार खिला बिक र सन्जिता धमलालाई दुर्व्यवहार गर्दै धम्की दिएका थिए । दुई दिन अगाडि पत्रकार महासंघ सुनसरीका अध्यक्ष जनक ऋषि राई र गोपाल दाहाललाई पनि उनले धम्की दिएका थिए ।



समाचार लेखेकै कारण पटक पटक शृङ्खलाबद्ध धम्की आएकाले पत्रकारहरूको सुरक्षामा सरकार गम्भीर नभएको महासंघ सुनसरीका सचिव ध्रुव ढकालले बताए। पत्रकार महासंघ सुनसरीले गृहमन्त्री लेखकलाई सुरक्षाको माग गर्दै ज्ञापनपत्र समेत बुझाएको हो ।

गृहमन्त्री लेखकले ज्ञापनपत्र बुझ्दै अराजक गतिविधि गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याउने र पत्रकारलाई स्वतन्त्रपूर्वक काम गर्ने वातावरण बनाउने प्रतिबद्धता जनाए ।

# निजामती कर्मचारी युनियन सन्धिखर्कस्तरीय अधिवेशन सम्पन्न

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ मंसिर

नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीको सन्धिखर्कस्तरीय अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले सन्धिखर्क नगरपालिकामा कार्यरत युनियनका नेता धर्मराज भुसालको अध्यक्षतामा नगर स्तरीय नयाँ कार्यसमिति चयन गरेको छ ।

युनियनको उपाध्यक्षमा श्रवण पन्थी, महिला उपाध्यक्षमा सरिता घिमिरे, सचिवमा गगन आचार्य, सहसचिवमा गोमा थापा, कोषाध्यक्षमा यमुना पन्थी, सदस्यमा सीता विसी, प्रदिप आचार्य, जेलिना केसी, सन्तोष लम्साल, कुलदीप आचार्य निर्वाचित भएको नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीका अध्यक्ष दिपक पाण्डेले बताए। कार्यक्रममा नेपाल निजामति कर्मचारी युनियनका नेता तथा सिविए अध्यक्ष कृष्ण बर्माले कर्मचारीको अधिकार खोसिने गरी अघिल्लो सरकारले ल्याएको संघीय निजामति ऐन संशोधन गरेर कर्मचारीहरुको माग सम्बोधन गराउन वर्तमान गठबन्धन सरकारलाई पहल गरिएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता ऋषव अधिकारीले कर्मचारीले परिणाम देखिने गरी काम गर्नुपर्ने र जनतालाई सरल तथा सहज रुपमा सेवा प्रवाह गर्ने वातावरण बनाउन युनियनले भूमिका खेल्नुपर्ने बताए। कार्यक्रममा सन्धिखर्क नगरपालिका वडा नम्बर १ का अध्यक्ष माधव श्रेष्ठ, नेपाली कांग्रेसका युवा नेता चोपनारायण श्रेष्ठ, नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीका पूर्व अध्यक्ष नेता शेष कान्त घिमिरे,




ओसन युनियन अर्घाखाँचीका अध्यक्ष दिपक पाण्डे, युनियनका नेताहरु रुकेन्द्र पालुङ्गे, शिवहरि खनाल, पुस्पा भुसाल, सरिता भुसाल, रमेश न्यौपाने, सिविएका कोषाध्यक्ष लक्ष्मण भट्टराई, सिविए सदस्य नारायण दमासे, बेलकुमारी परियार, गिता भुसाल, चन्दमणी आचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# भरतपुर अस्पतालमा 'कपडा बैंक'

**भरतपुर/मस–** भरतपुर अस्पतालले विपन्न बिरामी र कुरुवालाई लक्षित गरी 'कपडा बैंक' स्थापना गरेको छ । दिनसक्नेले कपडा दान गर्ने र विपन्नले लैजान सक्ने गरी बैंक स्थापना गरिएको हो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट प्राडा कृष्णप्रसाद पौडेलका अनुसार कपडा पर्याप्त नभएका विपन्न वर्गका बिरामी र कुरुवालाई राहत होस् भनेर बैंक स्थापना गरिएको हो । उनले घरमा रहेका दान गर्न मिल्ने कपडा बैंकमा राख्न सकिने बताए ।

उनले भने, 'कतिपय कपडा नलगाइ पुराना भएका हुन्छन् । कतिपय सानो वा ठूला भएका हुन्छन्। त्यस्ता कपडा यहाँ दान गर्न सकिन्छ ।'

अस्पतालका सर्जन डा. दीपेन्द्र न्यौपानेको नेतृत्वमा रामहरि ढकाल र प्रभा गुरुङ सदस्य रहेको समिति बनाइएको छ । डा न्यौपानेले नयाँ कपडा किनेर पनि दान गर्न सकिने बताए ।

उनले भने, 'ग्रामीण भेगका विपन्न बिरामी र कुरुवा लुगलुग काँप्दै आउनुहुन्छ, सबैलाई हामीले दिएर मात्रै पुग्दैन, सबैले दान गर्न मिलोस् भनेर बैंक सञ्चालन गरेका हौं ।'

भरतपुर संघीय सरकारी अस्पताल हो । यहाँ चितवनसहित छिमेकी २२ भन्दा बढी जिल्लाबाट बिरामी आउने गर्दछन् । गाउँगाउँबाट उपचारका लागि आउने विपन्न बिरामीको संख्या यहाँ उल्लेख्य हुने गर्दछ ।

**साउदीमा रोजगार**
कम्पनी: AL-SABAAN CONTRACTING COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०८/२१ — चलानी नं.: ६०२२९३७४ — L.T. No.: 315084

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ASEEB FOOD COMPANY — शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मिति: २०८१/०८/२१ — चलानी नं.: ६०२२९३७५ — L.T. No.: 315085

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 5 | 0 | स. काममा दक्ष | 1400 | ५०,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २९ गते (14 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD. — Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

**साउदीमा रोजगार**
कम्पनी: Nesma Infrastructure and Technology Company is Joint Stock Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०८/२१ — चलानी नं.: ६०२२९३८१ — LT. No.: 315104

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office And Facilities Cleaning Worker | 15 | 0 | | 1000 | ३६,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २९ गते (14 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd. — Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

**साउदीमा रोजगार**
कम्पनी: HAMED BIN SAUD BIN SAMAR AL OTAIBI AND PARTNER COMPANY — शहर: Al Qasim
पूर्व स्वीकृत मिति: २०८१/०८/२१ — चलानी नं.: ६०२२९३७३ — LT. No.: 314827

